राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ७४ २०८३ असोज १६ गते शुक्रवार (02 Oct. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## पालिकाबाटै लाइसेन्स पाएपछि सेवाग्राहीलाई सहज

### यातायात कार्यालय बर्दिबासले सर्लाही, महोत्तरी र धनुषाका पालिकामा लाइसेन्स पुऱ्याउन थाल्यो



दैनिक समाचारदाता

सर्लाही, १५ असोज । आफ्नै स्थानीय तहबाट सवारी चालक अनुमतिपत्र (लाइसेन्स) प्राप्त हुन थालेपछि सेवाग्राहीलाई सहज भएको छ। यातायात व्यवस्था कार्यालय बर्दिबास, महोत्तरीले लाइसेन्स छपाइपछि सेवाग्राहीलाई वितरणका लागि सम्बन्धित पालिकामै हस्तान्तरण गर्न थालेपछि सेवाग्राहीलाई कार्यालय धाउनुपर्ने बाध्यता हटेको हो।

यातायात व्यवस्था कार्यालय बर्दिबासले सर्लाही, महोत्तरी र धनुषाका सेवाग्राहीको लाइसेन्स सम्बन्धित पालिकालाई हस्तान्तरण गरी सेवाग्राहीसम्म पुऱ्याउने अभियान थालेको हो।

सर्लाहीको हरिवन नगरपालिका-६ घुर्कौलीका सीताराम मैनालीले स्थानीय तहमै लाइसेन्स प्राप्त गर्न पाउँदा खुसी लागेको बताए। "यातायात व्यवस्था कार्यालयको यो कदम निकै सहज लागेको छ। मैले पनि केही दिनअघि आफ्नै स्थानीय तहबाट लाइसेन्स प्राप्त गरेँ," उनले भने।

हाल सर्लाहीका छवटा पालिकामा लाइसेन्स पठाइएको छ। लालबन्दी, हरिवन, बरहथवा, ईश्वरपुर, चन्द्रनगर र बागमतीका सेवाग्राहीको लाइसेन्स सम्बन्धित पालिकामै पुऱ्याइएको हो।

लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पितानाथ लुईटेलले यातायात व्यवस्था कार्यालयबाट हस्तान्तरण भएका लाइसेन्स सेवाग्राहीलाई सम्पर्क गरी वितरण भइरहेको जानकारी दिए। "यातायात कार्यालयले हस्तान्तरण गरेका लाइसेन्स सेवाग्राहीलाई फोन गरेर बोलाई धमाधम वितरण गरिरहेका छौँ," उनले भने।

चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले यातायात व्यवस्था कार्यालयको यो पहलले सेवाग्राहीलाई सहज भएको बताए। "सरकारले चाहेमा सेवा प्रवाहमा सुधार गर्न सक्छ भन्ने सकारात्मक उदाहरण हो," उनले भने।

यातायात व्यवस्था कार्यालय बर्दिबासका प्रमुख राकेश यादवले हाल सर्लाही, महोत्तरी र धनुषामा सेवा सुरु गरिएको जानकारी दिए। निकट भविष्यमा सिन्धुलीसहित अन्य जिल्लाका पालिकालाई पनि एकमुष्ट रूपमा लाइसेन्स हस्तान्तरण गर्ने तयारी भइरहेको उनले बताए।

"महोत्तरीमा पालिकाहरूले कतिपय अवस्थामा घरघरमै पुगेरसमेत लाइसेन्स वितरण गरेका छन्। अन्य जिल्लामा पनि सेवाग्राहीको सहजताका लागि सम्बन्धित पालिकालाई लाइसेन्स हस्तान्तरण गर्ने काम भइरहेको छ," यादवले भने।

मधेश प्रदेशको श्रम तथा यातायात मन्त्रालयका सचिव रञ्जितकुमार यादव, यातायात व्यवस्था कार्यालयका प्रमुख र सम्बन्धित कर्मचारीले प्रत्येक शनिबार र आइतबार पालिकामा पुगेर लाइसेन्स हस्तान्तरण गरिरहेका छन्। बिदाको दिन पालिकामै पुगेर लाइसेन्स उपलब्ध गराउँदा सेवाग्राहीले

बाँकी पृष्ठ ३मा

### प्रदेश भलिबल संघको पाँचौं साधारण सभा सम्पन्न

## खेलकुदले समृद्ध समाज निर्माण र देशको पहिचान स्थापित गर्छ : मन्त्री दास

दैनिक समाचारदाता

जनकपुरधाम, १५ असोज । मधेश प्रदेशमा भलिबल खेलको विकास, विद्यालय तहदेखि खेलाडी उत्पादन तथा खेलाडीको क्षमता अभिवृद्धिका लागि राज्यले लगानी बढाउनुपर्नेमा खेलाडीहरुले माँग गरेका छन् ।

मधेश प्रदेश भलिबल संघको पाँचौं साधारण सभा तथा दोस्रो अधिवेशनमा सहभागी खेलाडीहरुले प्रदेशमा पर्याप्त प्रतिभा भए पनि पूर्वाधार, प्रशिक्षण, खेल सामग्री र अवसरको अभावमा खेलाडीले अपेक्षित उपलब्धि हासिल गर्न नसकेको औंल्याएका हुन् ।




संघका अध्यक्ष ज्ञानेन्द्रकुमार यादवको अध्यक्षतामा जनकपुरधाममा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री लखन दासले खेलकुद स्वस्थ जीवनसँगै समाज र राष्ट्रको पहिचान निर्माणको महत्वपूर्ण माध्यम भएको बताए ।

उनले खेलकुदले व्यक्तिमा ऊर्जा र आत्मविश्वास बढाउनुका साथै समाजमा एकता र सहकार्यको भावना विकास गर्ने बताए । अन्तर्राष्ट्रियस्तरमा आफ्नो पहिचान स्थापित गरेका कतिपय साना मुलुकको उदाहरण दिँदै मन्त्री दासले खेल र खेलाडीले राष्ट्रको पहिचान निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे ।

मन्त्री दासले स्थानीय तह र विद्यालय तहदेखि नै खेलकुदको वातावरण निर्माण गरी प्रतिभावान् खेलाडी उत्पादन गर्ने प्रदेश सरकारको लक्ष्य रहेको बताए । खेलाडीलाई प्रोत्साहन गर्न बीमाको व्यवस्थाका लागि समेत बजेट छुट्याइएको जानकारी दिँदै उनले खेलाडीको क्षमता विकासमा सरकार प्रतिबद्ध रहेको बताए ।

कर्णाली प्रदेशमा मंसिर १६ देखि २७ गतेसम्म हुने खेलकुद प्रतियोगितामा ३२ विधामा प्रतिस्पर्धा हुने जानकारी दिँदै मन्त्री दासले भलिबलतर्फ मधेश प्रदेशबाट सहभागी हुने खेलाडीको नाम सिफारिस गर्न संघलाई आग्रह गरे ।

बाँकी पृष्ठ ३मा

## सिरहाबाट १ हजार १०२ किलो गाँजा बरामद

### सशस्त्र प्रहरीको टोलीलाई देखेपछि बोलेरो र मोटरसाइकल छाडेर ओसारपसारमा संलग्न व्यक्ति फरार

दैनिक समाचारदाता

सिरहा, १५ असोज । सशस्त्र प्रहरीले सिरहाबाट १ हजार १०२ किलो ६५५ ग्राम गाँजा बरामद गरेको छ। गाँजा ओसारपसारमा प्रयोग गरिएको बोलेरो गाडी र मोटरसाइकलसमेत प्रहरीले नियन्त्रणमा लिएको छ।



सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण सुरक्षा वेश गोलबजार र सुरक्षा वेश सुखीपुरबाट खटिएको संयुक्त टोलीले गएराति करिब १ बजे सुखीपुर नगरपालिका-१० स्थित विश्वकर्मा चोक, गागन खोलापुलबाट उक्त गाँजा बरामद गरेको हो। सशस्त्र प्रहरीका अनुसार बा १४ च २९४ नम्बरको बोलेरो गाडी र स ६ प ४८५९ नम्बरको मोटरसाइकलमा गाँजा ओसारपसार भइरहेको अवस्थामा सुरक्षा टोलीले नियन्त्रणमा लिएको हो। २६ वटा बोरामा प्याक गरिएको अवस्थामा कुल १ हजार १०२ किलो ६५५ ग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ। सुरक्षा टोलीलाई देखेपछि गाँजा ओसारपसारमा संलग्न चालक तथा अन्य व्यक्तिहरू बोलेरो गाडी र मोटरसाइकल छाडेर फरार भएका छन्। बरामद गाँजा, बोलेरो गाडी र मोटरसाइकललाई आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया भइरहेको सशस्त्र प्रहरीले जनाएको छ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# पर्यटनको प्रवेशद्वार बनोस् भिठामोड

विश्व पर्यटन दिवस केवल पर्यटकलाई स्वागत गर्ने औपचारिक अवसर मात्र होइन, पर्यटनको सम्भावना पहिचान गर्दै त्यसलाई आर्थिक समृद्धिसँग जोड्ने प्रतिबद्धता व्यक्त गर्ने दिन पनि हो। यही सन्दर्भमा महोत्तरीको भिठामोड सीमा नाकामा भारतीय पर्यटकलाई स्वागत तथा बिदाइ गरिएको कार्यक्रमलाई सकारात्मक पहलका रूपमा लिनुपर्छ।

नेपालको पर्यटनमा भारतीय पर्यटकको महत्वपूर्ण योगदान रहँदै आएको छ। विशेषगरी जनकपुरधामको जानकी मन्दिर, पशुपतिनाथ, मुक्तिनाथलगायत धार्मिक गन्तव्य भारतीय पर्यटकका प्रमुख आकर्षण हुन्। त्यसैले भारतसँग जोडिएको प्रमुख प्रवेश नाका भिठामोडलाई पर्यटकमैत्री बनाउनु मधेशको पर्यटन विकासका लागि महत्वपूर्ण कदम हुन सक्छ।

पछिल्लो समय प्राकृतिक विपद्का घटनाले नेपाल सुरक्षित गन्तव्य होइन कि भन्ने मनोवैज्ञानिक धारणा केही पर्यटकमा पैदा गरेको हुन सक्छ। यस्तो अवस्थामा सीमा नाकामै पर्यटकलाई आत्मीयतापूर्वक स्वागत गर्नु नेपालको पर्यटन सुरक्षित, आतिथ्यपूर्ण र पर्यटकमैत्री रहेको सन्देश प्रवाह गर्ने प्रभावकारी माध्यम बन्न सक्छ। तर स्वागत र बिदाइका कार्यक्रमले मात्र पर्यटन प्रवर्द्धन हुँदैन। पर्यटकको सुरक्षा, सहज आवागमन, स्वच्छता, सूचना, यातायात, आवास तथा गुणस्तरीय सेवाको सुनिश्चितता पनि उत्तिकै आवश्यक छ।

महोत्तरी र समग्र मधेश प्रदेश धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पर्यटनको दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्र हो। जनकपुरधामसँगै जलेश्वर, मटिहानी, धनुषाधाम, मिथिला संस्कृति र सीमावर्ती क्षेत्रका धार्मिक तथा सांस्कृतिक सम्पदालाई एउटै पर्यटन सञ्जालमा जोड्न सकिन्छ। यसका लागि स्थानीय तह, प्रदेश सरकार, पर्यटन व्यवसायी र निजी क्षेत्रबीच प्रभावकारी सहकार्य आवश्यक छ।

भिठामोडबाट नेपाल प्रवेश गर्ने पर्यटकलाई जनकपुरधामसम्म सहज रूपमा पुर्‍याउने, पर्यटन सूचना केन्द्र सञ्चालन गर्ने, सीमा क्षेत्रमा आवश्यक पूर्वाधार विकास गर्ने तथा पर्यटकका गुनासा तत्काल सम्बोधन गर्ने व्यवस्था गरिनुपर्छ। साथै धार्मिक पर्यटनलाई सांस्कृतिक, ग्रामीण र प्राकृतिक पर्यटनसँग जोडेर पर्यटकको बसाइ अवधि बढाउने रणनीति आवश्यक छ।

पर्यटक स्वागत कार्यक्रमले एउटा राम्रो सन्देश दिएको छ। अब त्यसलाई निरन्तरता दिँदै भिठामोडलाई केवल सीमा नाका नभई मधेशको पर्यटन प्रवेशद्वारका रूपमा विकास गर्नुपर्छ। पर्यटन दिवसको सार्थकता पनि त्यहीँ हुनेछ, जहाँ स्वागतको संस्कारसँगै सुरक्षित, व्यवस्थित र गुणस्तरीय पर्यटन सेवाको सुनिश्चितता हुन्छ।

# दलित न्यायबिनाको मधेश अधुरो



सिजेन्द्र सादा

मधेश आन्दोलनले नेपाली राजनीतिक क्षितिजमा पहिचान, सङ्घीयता र राज्यको पुन:संरचनाको मुद्दालाई स्थापित गर्दै ऐतिहासिक परिवर्तनको आधार तयार गर्‍यो। केन्द्रीकृत राज्यसत्ताबाट मधेशी समुदायमाथि भएको उपेक्षा र विभेदविरुद्ध उठेको त्यो आन्दोलनले अधिकार, प्रतिनिधित्व र समानताको बहसलाई राष्ट्रिय राजनीतिमा बलियो बनायो। तर सङ्घीयता कार्यान्वयन भएको करिब एक दशक पुग्न लाग्दा र मधेशमा आफ्नै प्रादेशिक सरकार क्रियाशील रहँदा पनि दलित समुदायको सामाजिक, आर्थिक र राजनीतिक अवस्था अपेक्षाकृत कमजोर रहनु गम्भीर चिन्ताको विषय हो।

मधेशले राज्यसँग अधिकार र पहिचानका लागि संघर्ष गर्‍यो। तर प्रश्न उठ्छ-मधेशभित्रै रहेका मुसहर, चमार, डोम, दुसाध, तत्मा, खत्वे लगायतका दलित समुदायले समान अधिकार र सम्मान पाउन अझै संघर्ष गरिरहनुपर्ने अवस्था किन छ ? राज्यसँग अधिकार माग्दा एकताबद्ध हुने मधेशी समाजले आफ्नै समाजभित्र विद्यमान जातीय विभेद र असमानताविरुद्ध त्यही दृढता देखाउन नसक्नु मधेशको लोकतान्त्रिक यात्राकै गम्भीर कमजोरी हो।



मधेशका दलित समुदायको अवस्था हेर्दा समस्या केवल आर्थिक विपन्नताको होइन, संरचनागत विभेदको पनि हो। शिक्षा, स्वास्थ्य, रोजगारी, भूमिस्वामित्व, सुरक्षित आवास र राज्यका निकायमा प्रतिनिधित्वमा उनीहरूको पहुँच कमजोर छ। कतिपय ठाउँमा अझै सार्वजनिक स्रोतको प्रयोगमा विभेद, सामाजिक बहिष्कार र जातीय अपमानका घटना सुनिन्छन्। अन्तरजातीय विवाह तथा प्रेमका कारण हुने हिंसाका घटनाले पनि सामाजिक चेतनाको कमजोर अवस्था उजागर गर्छन्। नागरिकता तथा राज्यबाट प्राप्त हुने आधारभूत सेवामा पहुँचका समस्या थपिँदा दलित समुदाय दोहोरो मारमा परेको देखिन्छ।

यस अवस्थाले मधेश आन्दोलनको उपलब्धिलाई नै पुनर्विचार गर्नुपर्ने प्रश्न खडा गर्छ। मधेशी समुदायले राज्यसत्तामा आफ्नो हिस्सेदारी खोज्नु न्यायपूर्ण थियो भने मधेशभित्रका दलित समुदायले पनि समान हिस्सेदारी खोज्नु उत्तिकै न्यायपूर्ण हो। मधेशी पहिचानको राजनीतिक आन्दोलनले आफ्नो समाजभित्रको जातीय असमानतालाई सम्बोधन गर्न सकेन भने त्यसको लोकतान्त्रिक आधार कमजोर हुन सक्छ।

त्यसैले अबको मधेशी दलित आन्दोलन केवल घटना विशेषमा हुने विरोध, नाराबाजी वा प्रतिक्रियात्मक आन्दोलनमा सीमित हुनु हुँदैन। यसको केन्द्रमा भूमि, शिक्षा, रोजगारी, आवास, प्रतिनिधित्व र कानुनी न्याय जस्ता संरचनागत विषय हुनुपर्छ। भूमिहीन दलितका लागि सुरक्षित आवाससहित भूमिमा पहुँच सुनिश्चित गर्ने नीति आवश्यक छ। शिक्षामा विशेष अवसर र गुणस्तरीय पहुँच विस्तार गर्नुपर्छ। प्रदेश तथा स्थानीय तहका संरचनामा दलितको अर्थपूर्ण र समानुपातिक प्रतिनिधित्वका लागि कानुनी तथा नीतिगत व्यवस्था प्रभावकारी बनाउनुपर्छ।

जातीय विभेदका घटनामा राजनीतिक संरक्षण वा सामाजिक दबाबका कारण कानुन कार्यान्वयन कमजोर हुने अवस्था अन्त्य गर्न पनि राज्य गम्भीर हुनुपर्छ। विभेद र हिंसाविरुद्ध सडकदेखि अदालतसम्म नागरिक समाज, अधिकारकर्मी, सञ्चारमाध्यम र राजनीतिक शक्तिहरूको साझा पहल आवश्यक छ। कानुन बनेर मात्र पुग्दैन, त्यसको निष्पक्ष कार्यान्वयन र पीडितलाई न्यायको सुनिश्चितता पनि उत्तिकै महत्त्वपूर्ण छ।

मधेशको समृद्धि केवल सडक, भवन वा बजेटको वृद्धिले मापन हुँदैन। समाजको सबैभन्दा पछाडि पारिएको समुदायले कति सम्मान, अवसर र अधिकार पाएको छ भन्ने कुराले पनि मधेशको विकासको वास्तविक स्तर निर्धारण गर्छ। दलित समुदाय आत्मसम्मानका साथ बाँच्न सक्ने वातावरण निर्माण गर्न नसकिएसम्म मधेशको लोकतान्त्रिक रूपान्तरण अधुरै रहनेछ।

त्यसैले दलितको मुक्ति केवल दलित समुदायको मुद्दा होइन, यो समग्र मधेशको लोकतान्त्रिकीकरणको प्रश्न हो। मधेशका राजनीतिक दल, बौद्धिक वर्ग, नागरिक समाज र आम नागरिकले दलित न्यायलाई राजनीतिक स्वार्थको विषय नभई सामाजिक रूपान्तरणको साझा एजेन्डा बनाउन आवश्यक छ। मधेशले राज्यसँग समानताको अधिकार मागेको थियो; अब मधेशभित्र पनि समानताको संस्कृति स्थापित गर्ने समय आएको छ।

*तस्वीर : एआईद्वारा निर्मित*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरु

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ग्रह निर्माणको 'समय सीमा' पत्ता लगाउँदै जेम्स वेब

## ७२ युवा तारा र तिनका प्रोटोप्ल्यानेटरी डिस्कको अध्ययनमा ग्यास बाहिरिने प्रक्रिया समयसँगै बदलिने खुलासा



नयाँ ताराहरूलाई घेरेर बसेका ग्यास र धूलोका डिस्कहरूभित्र ग्रहहरू बन्ने गर्छन्, तर तिनीहरू निर्भर हुने ग्यासको आपूर्ति भने अस्थायी हुन्छ।

नासाको जेम्स वेब स्पेस टेलिस्कोप (जेडब्लुएसटी) बाट गरिएका नयाँ अवलोकनहरूले वैज्ञानिकहरूलाई ग्यास कसरी बाहिरिन्छ र ग्रह प्रणालीहरू परिपक्व हुँदै जाँदा ग्यास बाहिरिने मुख्य प्रक्रियाहरू कसरी बदलिन्छन् भन्नेबारे स्पष्ट चित्र दिएका छन्।

एरिजोना विश्वविद्यालयका नमन बजाजको नेतृत्वमा र सेटी इन्स्टिच्युटका वैज्ञानिक उमा गोर्तीको सह-लेखनमा भएको यो अध्ययनले ७२ वटा साना, सूर्य जस्ता ताराहरू र तिनीहरूका प्रोटोप्ल्यानेटरी डिस्कहरूको परीक्षण गरेको थियो।

यो अध्ययन द एस्ट्रोनोमिकल जर्नलमा प्रकाशित भएको छ।

'यस अध्ययनमा रोमाञ्चक कुरा के छ भने, हामीले अब साना प्रणालीहरूको ठूलो नमुनामा ग्रह बनाउने डिस्कहरूबाट ग्यास हटाउने प्रक्रियाहरू समयसँगै कसरी बदलिन्छन् भनेर हेर्न सक्छौँ। डिस्कको बेपत्ता हुनुले ग्रह निर्माणको लागि एउटा आधारभूत समय सीमा निर्धारण गर्छ: एक पटक ग्यास सकिएपछि, ग्यासले भरिएका ग्रहहरू बनाउने अवसर मुख्य रूपमा समाप्त हुन्छ।' गोर्तीले भनिन्।

हाम्रो सौर्यमण्डल अहिले करिब ४ अर्ब ५० करोड वर्ष पुरानो छ र यसमा धेरैजसो खाली ठाउँ छ। तर, यसको सुरुवाती केही लाख वर्षहरूमा युवा सूर्य धूलोभन्दा करिब १०० गुणा बढी ग्यास भएको बाक्लो प्रोटोप्ल्यानेटरी डिस्कले घेरिएको थियो। पछि ती सबै ग्यासहरू हराएर गए।

बृहस्पतिका र शनि जस्ता विशाल ग्रहहरू बनाउन ग्यास अत्यावश्यक हुने भएकाले यो सामग्री कहिले र कसरी हराउँछ भन्ने कुरा बुझ्न महत्त्वपूर्ण हुन्छ। यदि डिस्कले आफ्नो ग्यास धेरै छिटो गुमाउँछ भने, बनिरहेका ग्रहहरूसँग ग्यास जायन्ट बन्नका लागि चाहिने ठूलो वायुमण्डल जम्मा गर्ने पर्याप्त समय हुँदैन।

बजाज र उनका सहकर्मीहरूले जेडब्लुएसटीको मिड-इन्फ्रारेड इन्स्ट्रुमेन्ट (एमआईआरआई) बाट लिइएका पुराना अवलोकनहरू प्रयोग गरेर यस प्रक्रियाको अनुसन्धान गरेका थिए। शोधकर्ताहरूले बाहिरिने सामग्रीका दुई सूचकहरूमा ध्यान केन्द्रित गरेका थिए: मोलिक्युलर हाइड्रोजन र आयनाइज्ड नियोन। जेडब्लुएसटीको संवेदनशीलता र रिजोलुसनले उनीहरूलाई मोलिक्युलर हाइड्रोजन भएका फराकिलो हावाहरूलाई नियोनले पछ्याउने जेट र हावाहरूबाट छुट्याउन मद्दत गर्‍यो। सबैभन्दा साना प्रणालीहरूमा अनुसन्धानकर्ताहरूले मोलिक्युलर र एटोमिक ग्यास दुवै भएका फराकिलो हावाहरूसँगै शक्तिशाली जेटहरू फेला पारे।

ग्रह प्रणालीहरू परिपक्व हुँदै जाँदा र तारामा सामग्रीको प्रवाह घट्दै जाँदा जेटहरू कमजोर हुन्छन् र बाहिरिने ग्यास बढी एटोमिक बन्दै जान्छ। यस चरणमा युवा ताराबाट आउने उच्च उर्जाको विकिरणले पातलो हुँदै गएको सामग्रीलाई भेदन गर्न सक्छ र डिस्कको ग्यासलाई बाहिर ननिस्किएसम्म तताउन सक्छ। यस प्रक्रियालाई फोटोइभापोरेसन भनिन्छ।

पछिल्लो जेडब्लुएसटी अवलोकनले डिस्कहरू पुराना हुँदै जाँदा र म्याग्नेटिक रूपमा सञ्चालित जेट र हावाहरू हराउँदै जाँदा फोटोइभापोरेसन अझ महत्त्वपूर्ण बन्ने देखाएको छ।

'ग्रह निर्माण त्यसैले समय विरुद्धको दौड हो।' बजाजले भने, 'बृहस्पति जस्ता ग्यास जायन्टहरूले हावा र जेटहरूले कच्चा पदार्थ अन्तरिक्षमा उडाएर लैजानुअघि डिस्कले आपूर्ति गर्न सक्ने गरी आफ्नो विशाल वायुमण्डल तयार पारिसक्नुपर्छ।'

अनुसन्धानकर्ताहरूले ७२ मध्ये ६६ वटा डिस्कहरूमा मोलिक्युलर हाइड्रोजन र आयनाइज्ड नियोनको विस्तार फेला पारेका थिए। ४६ वटा प्रणालीमा कोनिकल मोलिक्युलर हाइड्रोजन हावाहरू देखिए भने ४० वटामा तीव्र गतिमा चल्ने नियोन जेटहरू भेटिए। नियोन जेट भएको प्रत्येक प्रणालीमा मोलिक्युलर हाइड्रोजन वा अक्सिजनले पछ्याएको हावाको प्रमाण पनि देखिएको थियो।

यो अध्ययनले उही अनुसन्धान समूहको अघिल्लो अवलोकनलाई अझ विस्तार गरेको छ। सन् २०२४ मा बजाज, गोर्ती र उनका सहकर्मीहरूले युवा तारा टी च्याको वरपरको ग्रह निर्माण गर्ने डिस्कबाट ग्यास बाहिर जाँदै गरेको तस्बिर लिन जेडब्लुएसटी प्रयोग गरेका थिए। वैज्ञानिकहरूले अब यी हावाहरूले समयक्रममा ठ्याक्कै कति ग्यास हटाउँछन् र डिस्कको कुन भागबाट सामग्री बाहिरिन्छ भन्ने कुरा पत्ता लगाउन चाहन्छन्।

## खेलकुदले.....

पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्रीसमेत रहेका संघका अध्यक्ष यादवले मधेश प्रदेशमा तीन सयभन्दा बढी भलिबल खेलाडी रहेको उल्लेख गर्दै उनीहरूको उचित व्यवस्थापन र क्षमता विकास गर्न सके प्रदेशले राष्टि्रय तथा अन्तर्राष्टि्रयस्तरमा उल्लेखनीय पहिचान बनाउन सक्ने बताए।

उनले खेलकुदलाई स्वास्थ्यसँग मात्र जोडेर हेर्न नहुने उल्लेख गर्दै युवालाई कुलतबाट जोगाउन तथा सकारात्मक सोच र अनुशासनको विकास गर्नसमेत खेलकुदको महत्वपूर्ण भूमिका रहेको बताए। मधेश प्रदेशमा खेलकुदसम्बन्धी कानुनी तथा संस्थागत व्यवस्था पर्याप्त नभएको गुनासो गर्दै उनले संघ, प्रदेश र स्थानीय तहले खेलाडी तथा खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताए।

मधेश प्रदेश खेलकुद परिषद्का सचिव शिवजी गुप्ताले 'खेल्छ प्रदेश, जित्छ प्रदेश' भन्ने लक्ष्यका साथ खेलाडी उत्पादन र उनीहरूको क्षमता विकासमा जोड दिनुपर्ने बताए। खेलाडीको विकासका लागि राज्यले ४० प्रतिशत र खेलाडीले ६० प्रतिशत योगदान गर्ने अवधारणाअनुसार अघि बढ्ने सरकारी लक्ष्य रहेको उनले बताए।

प्रदेशमा खेल सामग्री र खेलमैदानको अभाव रहेको स्वीकार गर्दै सचिव गुप्ताले पूर्वाधार विकास र खेलाडीको संरक्षणका लागि राज्यलाई निरन्तर ध्यानाकर्षण गराउन सबै पक्ष एकजुट भएर अघि बढ्नुपर्ने बताए।

कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य सञ्जय चौधरीले मधेशका खेलाडीमा उच्च प्रतिभा भए पनि पर्याप्त सरकारी लगानी र अवसरको अभावमा उनीहरू पछाडि परेको बताए। खेलाडीको मनोबल बढाउन नियमित प्रशिक्षण, आवश्यक पूर्वाधार र अवसर उपलब्ध गराउनुपर्नेमा उनले जोड दिए।

कार्यक्रममा कमल पंकज, भरत यादव, इन्द्रदेव श्रेष्ठलगायतले खेलकुद क्षेत्रको विकास, खेलाडीको समस्या तथा भलिबल खेलको सम्भावनाका विषयमा धारणा राखेका थिए।

## पालिकाबाटै.....

छिटो र सहज रूपमा सेवा पाउने व्यवस्था मिलाइएको कार्यालय प्रमुख यादवले बताए।

उनका अनुसार महोत्तरीमा लाइसेन्स वितरणका क्रममा प्रदेश सरकारकी श्रम तथा यातायातमन्त्री शारदादेवी थापासमेत सहभागी भएकी थिइन्।

पछिल्लो समय सरकारले लाइसेन्स, राष्ट्रिय परिचयपत्र, नागरिकतालगायतका सार्वजनिक सेवा नागरिकको घरदैलोमै पुर्‍याउने नीति अघि बढाइरहेको छ। स्थानीय तहमै लाइसेन्स वितरण सुरु हुनुलाई सोही नीतिअन्तर्गतको सेवा विस्तारका रूपमा लिइएको छ।


**विज्ञापन बोर्डमा सूचीकरण गराउनुभएको छ ?**

- प्रचलित कानुन बमोजिम विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण गर्नुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानुनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरीतका विज्ञापन नगरौं / नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायीहरू लगायत सबै जिम्मेवार बनौं।

*विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२


विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# प्रमुख प्रशासकीय अधिकृत नआए भंगहाका नगरप्रमुखले थप तालाबन्दी गर्ने

## डेढ महिनादेखि अधिकृत नहुँदा प्रशासनिक काम प्रभावित, तलब भुक्तानीसमेत रोकिएको गुनासो

दैनिक समाचारदाता
जनकपुरधाम, १५ असोज । महोत्तरीको भंगहा नगरपालिकाका नगरप्रमुख संजीवकुमार साहले प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा हाजिर नभए आगामी सोमबारदेखि शिक्षा तथा स्वास्थ्य शाखामा समेत तालाबन्दी गर्ने चेतावनी दिएका छन्।

विगत डेढ महिनादेखि नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा दैनिक प्रशासनिक काम प्रभावित भएको भन्दै नगरप्रमुख साहले तत्काल प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गर्न माग गरेका हुन्।

उनका अनुसार प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग पटकपटक आग्रह गरिए पनि समस्या समाधान हुन सकेको छैन। अधिकृतको अनुपस्थितिका कारण चाडपर्वको समयमा कर्मचारीको तलब भुक्तानीसमेत प्रभावित भएको नगरप्रमुख साहले बताए।




यसअघि नगरप्रमुख साहले गत सोमबार नगरपालिका कार्यालयसहित नगरपालिकाका नौवटै वडा कार्यालयमा तालाबन्दी गरी त्यसको साँचो जिल्ला प्रशासन कार्यालय महोत्तरीमा बुझाएका थिए। प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा हाजिर नभएसम्म नगरपालिका सञ्चालन गर्न कठिनाइ हुने उनको भनाइ छ।

नगरप्रमुख साहका अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत भदौ १ गते खिमराज भुसाललाई भंगहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएको थियो। तर, भुसाल हालसम्म कार्यालयमा हाजिर भएका छैनन्।

प्रमुख प्रशासकीय अधिकृत हाजिर हुने वातावरण तत्काल नबने आगामी सोमबारदेखि शिक्षा तथा स्वास्थ्य शाखामा समेत तालाबन्दी गरिने नगरप्रमुख साहले चेतावनी दिएका छन्।

नगरपालिकामा प्रशासनिक नेतृत्वको अभावका कारण सेवा प्रवाह प्रभावित भइरहेकाले समस्या तत्काल समाधान गर्न उनले सम्बन्धित मन्त्रालयसँग आग्रहसमेत गरेका छन्।

# करेन्ट लागेर युवकको मृत्यु

दैनिक समाचारदाता
जनकपुरधाम, १५ असोज । धनुषामा विद्युतको पोलमा चढेर मिटरको तार जोड्ने क्रममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा छिरेश्वरनाथ नगरपालिका-९, औराहा टोलका ३२ वर्षीय श्रवण साह रहेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक केशव गौतमले मिटरको तार जोड्नका लागि विद्युत पोलमा चढ्नुभएका साहको करेन्ट लागेर मृत्यु भएको पुष्टि गर्नुभयो ।

उहाँका अनुसार करेन्ट लागेपछि साहको शव पोलमै अड्किएको अवस्थामा फेला परेको थियो । पोलमा अड्किएको साहको शव जेसीभी मेसिनको सहयोगबाट झारिएको उहाँले बताउनुभयो ।

उहाँले घटनास्थलको मुचुल्का गरी मृतक साहको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको जानकारी दिनुभयो । घटनाबारे थप अनुसन्धान भइरहेको उहाँको भनाइ छ ।

# टिप्पर पल्टिँदा उद्योग सञ्चालकको मृत्यु



दैनिक समाचारदाता
जनकपुरधाम, १५ असोज । धनुषाको मिथिला नगरपालिका-३, लालभित्तीस्थित औरही बाबा बालुवा प्रशोधन उद्योगमा टिप्पर पल्टिँदा उद्योग सञ्चालकको मृत्यु भएको छ।
इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक उदयशमशेर जबराका अनुसार बिहीबार बिहान करिब ७ बजे प्रदेश ०२-००२-००१ ख ०१७१ नम्बरको टिप्परबाट बालुवा खसाल्ने क्रममा टिप्पर पल्टिँदा उद्योग सञ्चालक हरि महतो बालुवाले चेपिएर घाइते हुनुभएको थियो।
घाइते महतोलाई तत्काल उपचारका लागि रमदैयास्थित जानकी मेडिकल कलेज लगिएको थियो। उपचारका क्रममा उहाँको मृत्यु भएको प्रहरी निरीक्षक जबराले जानकारी दिनुभयो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# राराब क्याम्पसको खर्च विवरण सार्वजनिक गर्न विद्यार्थीको माग

## अतिथि सत्कारलगायतका शीर्षकमा भएको खर्चप्रति प्रश्न, आय-व्यय पारदर्शी बनाउन माग

दैनिक समाचारदाता
जनकपुरधाम, १५ असोज । जनकपुरधामस्थित रामस्वरूप रामसागर बहुमुखी क्याम्पस (राराब) का विद्यार्थीहरूले क्याम्पस प्रशासनले अतिथि सत्कार, खाना तथा नास्तालगायतका शीर्षकमा ठूलो रकम खर्च गरेको भन्दै सम्पूर्ण खर्च विवरण सार्वजनिक गर्न माग गरेका छन्।
आन्दोलनरत विद्यार्थीहरूले बिहीबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै क्याम्पसको आर्थिक कारोबार पारदर्शी बनाउनुपर्ने माग गरेका हुन्। उनीहरूले विभिन्न शीर्षकमा भएको खर्चबारे स्पष्ट जानकारी नदिए चरणबद्ध आन्दोलनलाई थप कडा बनाउने चेतावनी दिएका छन्।
राराब क्याम्पस स्ववियुका पूर्वसभापति मनिष यादवले गत आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षणसम्बन्धी टीडीएस विवरणमा निर्मला श्रेष्ठको नाममा ४० लाख ८५ हजार ६ सय ६५ रुपैयाँ र शारदा देवी लामिछानेको नाममा ८ हजार ६ सय रुपैयाँ भुक्तानी भएको देखिएको दाबी गरे।



उक्त रकम कुन प्रयोजनका लागि भुक्तानी गरिएको हो भन्नेबारे क्याम्पस प्रशासनले स्पष्ट जवाफ दिनुपर्ने यादवको माग छ। शिक्षाको थलोमा अतिथि सत्कारलगायतका नाममा ठूलो रकम खर्च गरिनु उचित नभएको उनको भनाइ थियो।
राराब क्याम्पस जनकपुरधामको महत्वपूर्ण शैक्षिक धरोहर भएकाले यसलाई आर्थिक अनियमितताको केन्द्र बन्न नदिन विद्यार्थीहरू खबरदारीमा उत्रिएको यादवले बताए।
त्यस्तै, विद्यार्थी रञ्जित मण्डलले क्याम्पस प्रशासन, कर्मचारी तथा ठेकेदारहरू विद्यार्थीको शैक्षिक हितभन्दा व्यक्तिगत स्वार्थमा केन्द्रित भएको आरोप लगाए। कर्मचारी र ठेकेदारको मिलेमतोमा कमिसनको खेल भइरहेको आरोप लगाउँदै उनले क्याम्पसबाट 'कस्मेटिक पसल'मा समेत भुक्तानी भएको दाबी गरे।
क्याम्पसमा कस्मेटिक सामग्रीको आवश्यकता र त्यसका लागि गरिएको भुक्तानीको औचित्यमाथि समेत मण्डलले प्रश्न उठाए।विद्यार्थीहरूले क्याम्पसको सम्पूर्ण आय-व्यय सार्वजनिक गरी आर्थिक कारोबार पारदर्शी बनाउनुपर्ने, स्मार्ट कक्षाकोठा तथा स्मार्ट पुस्तकालय निर्माण गर्नुपर्ने र नियमित रूपमा कक्षा सञ्चालन गर्नुपर्ने लगायतका माग अघि सारेका छन्। उनीहरूले माग सम्बोधन नभए चरणबद्ध आन्दोलनलाई निरन्तरता दिने चेतावनी दिएका छन्।




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्ग्जैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४


# शुक्रबार राति १२ बजेदेखि संसद्को अधिवेशन अन्त्य

दैनिक समाचारदाता
जनकपुरधाम, १५ असोज । राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को दुवै सदनको चालु अधिवेशन अन्त्य गर्नुभएको छ। राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को असोज १३ गतेको



सिफारिसमा संघीय संसद्को दुवै सदनको चालु अधिवेशन अन्त्य गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ। कार्यालयका प्रवक्ता कृष्णबहादुर शाहीद्वारा बिहीबार जारी विज्ञप्तिअनुसार अधिवेशन २०८३ साल असोज १६ गते शुक्रबार राति १२ बजेदेखि लागू हुने गरी अन्त्य गरिएको हो।


अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४